UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Essay, Translation and Comprehension **May/June 2009**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

*3330682564*

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **6** printed pages and **2** blank pages.

SP (SM/TL) V01399/1
© UCLES 2009

UNIVERSITY of CAMBRIDGE International Examinations

[Turn over

www.xtremepapers.net

## Section A – Composition

1 Write in **Nepali** two compositions of about **150** words. You may choose any two subjects from the following:

**(a)** लण्डनमा बस्ने अंग्रेजी भाषी आफ्नो साथीलाई आफू घुमेको नेपालको कुनै एक ठाउँको आफूलाई परेको प्रभावको सम्बन्धमा एउटा पत्र लेख्नुहोस् ।

Write a letter to an English speaking friend describing your impressions about a place that you have visited in Nepal.

**(b)** काठमाडौँमा पानी र बिजुलीको अभाव र यो स्थितिबाट मुक्त हुने उपायको वारेमा छलफल गर्नुहोस् ।

Discuss the problems of water and electricity shortages in Kathmandu and make suggestions for improving the situation.

**(c)** विद्यालयमा 'मागी विवाह' या 'प्रेम विवाह' भन्ने बिषयमा वादविवाद भइरहेको छ । यी विषयहरुको पक्ष र विपक्षमा तर्क दिएर एउटा संवाद तयार पार्नुहोस् ।

The school is having a debate on the topic: 'Arranged versus love marriages'. Compose a 'for and against' dialogue giving reasons supporting your argument.

**(d)** नेपालमा भएको 'नेपाल बन्द' र त्यसबाट तपाईं र तपाईंको परिवारमाथि परेको असरको वारेमा बर्णन गर्नुहोस् ।

Narrate a story about the 'Nepal bandh' (general strike) in Nepal and its impact on you and your family.

**(e)** तपाईंले हेर्नुभएको कुनै एउटा चलचित्र राम्रो लाग्यो कि लागेन यसवारेमा चर्चा गर्नुहोस् ।

Describe a film that you have seen and explain why you did or did not enjoy it.

[25 × 2]

© UCLES 2009


www.xtremepapers.net

## Section B – Translation

**2** Translate into **English**:

सैंतीस वर्ष पहिले म वन विभागमा हुँदा डोग किमोइ भन्ने एकजना पिसकोर साथी थिए । एकपटक म अमेरिकाको कोलोराडोस्थित आस्पेन भन्ने शहरमा घुम्न गएको थिएँ । मैले डोगलाई फोन गरेर म कोलोराडो आएको सूचना दिएँ । उनी आस्पेनको एउटा अति आकर्षक घरमा बस्दा रहेछन् । उनले मलाई एउटा सानो कोठामा लगे । त्यहाँ भित्तामा थाङ्का, भुइँमा तिब्बती गलैंचा, दराजमा नेपाली धातुका सामानहरु, बीचमा तिब्बती शैलीको टेबुल र त्यसमाथि एउटा हुक्का थिए । म त एकछिन बोल्नै सकिन उनको नेपालप्रतिको माया देखेर ।

जेहोस् डोगले बिहे गरिसकेका रहेछन् । उनकी श्रीमतीले नेपाली पाहुना आएकोहुँदा साडी लगाएकी थिइन् तर नेपालमा कहिल्यै नआएकी बिचरीले साडी लगाउन कसरी जान्दथिन् र ? उनले त साडी पेटिकोटजस्तै बेरेर लगाएकी रहिछन् । डोगजस्ता नेपाललाई माया गर्ने धेरै विदेशीहरु छन् । आखिर नेपालमा के छ जसले एकचोटि आउनासाथ उनीहरुलाई बारम्बार खिचिरहन्छ । तर सारा नेपालीहरु यो देशलाई नबुझ्रेर विदेशमा पलायन हुन खोजिरहेछन् । विदेशीहरुचाहिँ यो देशलाई साङ्ग्रिला र स्वर्ग ठानेर यहाँ आइरहन्छन् ।

साभार: सोच, कर्ण शाक्य

[10]



www.xtremepapers.net

**3** Translate into **Nepali**:

Entering the yard of Janjyoti School, an hour's drive through the forest from Gulariya, the district capital of Bardiya, I saw an interesting building. It was quite a bit lower than normal school buildings and had grass on the roof. 'The grass protects the building from the heat, and makes it less noisy when it's raining outside', explained a local called Sonam, who introduced this new design.

The weather outside was really hot because of the sunny day in May. So we all rushed for shelter under the grass roof. As we walked down the stairs, the temperature swiftly changed from hot to cool. In the corridor outside the new classrooms, one metre below ground level, I breathed a sigh of relief because I felt the cool breeze running through the windows above my head.

In Bardiya the five-year-old 'Education for Freedom' project has included building new schools. Now, in its final year, the project has benefitted from this new design, making the two classrooms built this year around 5 degrees cooler than normal. The technique has come from various places in India.

[20]

© UCLES 2009


www.xtremepapers.net

## Section C – Comprehension

Read through the passage below carefully, and then answer, in **Nepali**, the questions that follow, using your **own** words as far as possible.

कसैलाई दुख होस् वा सुख, तर समय बित्दै जान्छ । आउने अगाडिको घडीमा लाखौंको जीवन सकिन्छ भने पनि त्यो घडी रोकिँदैन । असार साउने महिना, कहिले सिमसिमे झरी, कहिले टण्टलापुर घाम, कहिले मकैको पीठो, कहिले कोदाको खोले, अनि कहिले सिस्नोको साग र पानी मात्रै, एवं प्रकारले दिन बित्दै गएर धनेको रुपियाँ बुझाउने समय पनि निकट आयो ।

मोटे कार्कीले सबै कुरा खोलेर पत्र लेखिदिएको हुनाले एक प्रकार झुमापट्टिबाट निश्चिन्त थियो तापनि गाउँघरमा बेला मौकामा उसलाई ताना सुनाइन्थ्यो । कति उसको घरमा पानी नपिउने स्वाङ पनि रच्थे । तर धनेले यी सब कुराको वास्तै राखेन, सहेरै हिँडीरह्यो । भाका जति जति नजिक आउँथ्यो, त्यति त्यति रुपियाँको चिन्तामा ऊ व्याकुल हुँदै जान्थ्यो । धेरैसंग ऋण खोज्यो, साहुहरुसित हात जोड्यो, तर सगरबाट तारो खस्ने आशामा नानीले हात थापेजत्तिकै भयो, निदान उसले घरबारी नछाडे उपाय छैन भन्ने निश्चय गर्‍यो ।

भाका पुगेर साहुले खायल जफत गरी उसको घरबाट मालमत्ता फ्याँकि दिनुभन्दा सात दिन अघि नै धने नन्देकहाँ गयो । नन्दे बाहिर सिकुवाको खाटमा बसी तमाखु तानिरहेको थियो । भन्यो-

"के रुपियाँ आजै बुझाउन आइस् कि क्या हो ? दिन अरु बाँकी नै छ । "

"हो, सात दिन अघि नै बुझाउँ भनेर आ'को । लु सुब्बा, मुखियालाई बोलाएर मेरो खायलको मोल गर्न लाइदिनोस् । खायल बुझ्नुहोस् । दुई-चार पैसा पाउने र' छु भने पनि पाउँछु ।"

"तँ के बसाइँ हिँड्ने परिस् ?"

"नहिँडी सुखले, तपाइँहरुले बासै मेटिहाल्नुभो ।"

"होइन, तँ बजियाको बास त हामीले मेटेको त होइन नि । झन् गरेर खा भनेर गोरु किनिदिएँ, खेत दिएँ, तँ त मात्तिएर मेरै भैँसी मारिस्, अनि के भन्छस् ? खायल बेचिस् भने पनि बाटोखर्च अलिकति पाइहाल्छस् । मधेसतिर पसिस् भने यसो भात खाने मेलो भइहाल्छ नि । कि मुगलानतिर लाग्छस् ?"

"हिँडेपछि कता हुन्छ नाइँ अब, ईश्वरले जहाँ पुर्‍याउलान् ।"

नन्दे त यही नै चाहन्थ्यो कि धने बसाइँ सरोस् । अनि त्यो खायल उसको हात लागोस् । उसको एउटा भानिजलाई राख्न एउटा खायलको आवश्यकता उसलाई भई नै रहेको थियो । भन्यो-

"खायलको मोल गर्ने हो भने भोलि आइज । भोलि म सबैलाई भेला गर्छु । अनि भोलि नै लेखापढी गरी तिरेर उब्रेको पैसा पाउँछस् । अड्डाबाट नाम दर्ता गर्न त तँ नभए पनि म गरिहाल्छु नि ।"

**4** दोस्रो अनुच्छेदमा धनेप्रति गाउँलेहरुले देखाएको व्यवहार सम्बन्धमा दुईवटा उदाहरण दिइएका छन् । ती व्यवहारहरु के कस्ता थिए, उल्लेख गर्नुहोस् । [2]



www.xtremepapers.net

5 "सगरबाट तारो खस्ने आशामा नानीले हात थापेजत्तिकै भयो "
यस भनाइको सप्रसङ्ग व्याख्या गर्नुहोस् । [4]

6 नन्दे र धनेका बीच के कस्तो सम्बन्ध थियो, व्याख्या गर्नुहोस् । [2]

7 धनेलाई देखेर नन्दे किन छक्क पऱ्यो र धने नन्देकहाँ जानुको कारण बताउनुहोस् । [4]

8 कथाको अन्त्यमा नन्दे सन्तुष्ट र खुसी भएको देखिन्छ, त्यसको कारण केलाउनुहोस् । [3]

[15 marks for content + 5 marks for language]

© UCLES 2009


www.xtremepapers.net

**BLANK PAGE**



www.xtremepapers.net

BLANK PAGE

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.



www.xtremepapers.net